# शहीद गंगालाल हृदय रोग केन्द्रको प्रतिवेदन-

(क) उजुरीको संक्षिप्त व्यहोराः

काठमाडौंको बाँसबारीस्थित शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा औषधीहरु र भल्बमा खरिद मूल्य भन्दा २७०० गुणा बढी सम्म मनोमानी तरिकाले विक्रि मूल्य तोकि अर्बौं रकम भ्रष्टाचार गरेकोले छानविन गरीपाउँ ।

(ख) तथ्यगत विवरणः

१. शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले आफ्नै अस्पतालको फार्मेसी संचालन तथा औषधीको विक्रि मूल्य तोक्न फार्मेसी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०५९ को तर्जुमा गरी लागू गरिएको र उक्त निर्देशिकाको दफा १ अनुसार औषधीको दर रेट निर्धारण गर्न कार्डियोलोजी विभाग प्रमुखको संयोजकत्वमा ६ सदस्यीय फार्मेसी समिति गठन गरिएको साथै उक्त निर्देशिकाको दफा ४.१ अनुसार **"हरेक औषधी एवं उपचार सामग्रीको विक्रि मूल्य निर्धारण गर्दा औषधीको अधिकतम मूल्य (Maximum Retail Price) मा ५% कम गरी मूल्य निर्धारण गरिनेछ । खुद्रा मूल्य (MRP) नतोकिएका सामान एवं औषधीहरुको हकमा खरिद मूल्यमा १६% थप गरी विक्रि मूल्य निर्धारण गरिनेछ । यसरी विक्री मूल्य निर्धारण गर्दा केन्द्रले तोकेको विक्रि मूल्य प्रचलित बजार मूल्य भन्दा धेरै बढी वा कम देखिन आएमा फार्मेसी समितिले छलफल गरी विक्रि मूल्य निर्धारण गर्न कार्यकारी निर्देशक समक्ष पेश गर्नेछ । र कार्यकारी निर्देशकबाट स्वीकृत भएबमोजिम बिक्री मूल्य निर्धारण गरिनेछ ।"** भनी व्यवस्था भएको देखिन्छ ।

२. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तर्जुमा गरी लागु गरेको अस्पताल फार्मेसी संचालन निर्देशिका, २०७२ को दफा ९ मा **"औषधी र औषधीजन्य पदार्थको विक्रि मूल्य निर्धारण गर्दा यसको खरिद मूल्यमा २०% मा नबढाइ विक्रि मूल्य निर्धारण गरिनेछ । तर, यसरी विक्रि मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail Price, MRP) भन्दा बढी हुनु हुँदैन ।"** भनी व्यवस्था गरिएको देखिन्छ ।

३. उजुरीमा उल्लेखित Amlodipine, Atorvastain, Sitagliptain, Rosuvastin नामक औषधीहरुमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले आफ्नो अस्पताल फार्मेसी निर्देशिका अनुसार Maximum Retail Price मा ५% कम गरी र MRP उल्लेख नभएका औषधीहरुमा १६% नाफा राखी विक्रि मूल्य निर्धारण गरेको देखिन्छ, जुन औषधी

व्यवस्था विभागमा दर्ता भएको आधिकारिक दर रेट भन्दा ५% रहेको कुरा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रबाट प्राप्त प्रतिकृयामा देखिन्छ ।

४. मुटुमा ट्रान्सप्लान्ट गरिने भल्भहरु Medical र Biological गरी दुई प्रकारको हुने गरेको र मुटुको भल्भ लगायतका औषधीजन्य उपकरणहरुको आधिकारीक विक्रि मूल्य निर्धारण गर्ने, गुणस्तर मापन गर्ने तथा नियमन गर्ने कानुनी तथा संस्थागत व्यवस्था प्रभावकारी नरहेको देखिन्छ ।

५. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले मुटुको भल्भको विक्रि मूल्य निर्धारण गर्दा केन्द्र कै निर्देशिका बमोजिम MRP उल्लेख भएकोमा MRP मा ५ % कम गरी र MRP उल्लेख नभएकोमा १६% नाफा राखी विक्रि मूल्य निर्धारण गर्ने गरेको देखियो ।

६. उजुरीमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा २,९३,५०० मा विक्रि गर्ने मुटुको भल्भ टिचिङ अस्पतालको मनमोहन कार्डियोलोजी भास्कुलरमा १,०९,००० मा विक्री गर्ने गरेको भनी उल्लेख भएकोमा उजुरीमा उक्त भल्भको ब्रान्ड/किसिम/नाम केही पनि उल्लेख नगरिएको हुँदा कुन भल्भको मूल्यमा २ गुणा बढी लिएको भन्ने कुराको यकिन गर्न नसकिएपनि शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा २ लाख ९३ हजार पर्ने Perimount (Edwards) नामक Biological भल्भलाई छानविन टोलीले टिचिङ अस्पतालको मनमोहन कार्डियोलोजीको फार्मेसीमा कति मूल्य पर्छ भनी बुझ्दा सोही कम्पनी कै Biological भल्भ नभएको र सोही प्रकार कै Medical भल्भको करीब १ लाख १० हजार पर्ने भनी मौखिक रुपमा जानकारी पाईएको । भल्भको ब्रान्ड/किसिम/नाम तथा त्यसको Durable time तथा त्यसमा गरिएको Refine अनुसार भल्भको मूल्यमा फरक-फरक हुने भएकोले उजुरीमा भल्भको ब्रान्ड उल्लेख नभएको हुँदा कुन भल्भको मूल्यमा २ गुणा बढी मूल्य निर्धारण गरेको भन्ने एकिन गर्न सकिएन ।

**(ग)** निष्कर्ष/सुझावः

१. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको फार्मेसी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०५९ को दफा ४.१ मा "हरेक औषधी एवं उपचार सामग्रीको विक्रि मूल्य निर्धारण गर्दा औषधीको अधिकतम मूल्य (Maximum Retail Price) मा ५% कम गरी मूल्य निर्धारण गरिनेछ । खुद्रा मूल्य (MRP) नतोकिएका सामान एवं औषधीहरुको हकमा खरिद मूल्यमा १६% थप गरी विक्रि मूल्य निर्धारण गरिनेछ

। यसरी विक्री मूल्य निर्धारण गर्दा केन्द्रले तोकेको विक्रि मूल्य प्रचलित बजार मूल्य भन्दा धेरै बढी वा कम देखिन आएमा फार्मेसी समितिले छलफल गरी विक्रि मूल्य निर्धारण गर्न कार्यकारी निर्देशक समक्ष पेश गर्नेछ । र कार्यकारी निर्देशकबाट स्वीकृत भएबमोजिम बिक्री मूल्य निर्धारण गरिनेछ ।" भनी व्यवस्था गरिएको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को दफा ९ मा "औषधी र औषधीजन्य पदार्थको विक्रि मूल्य निर्धारण गर्दा यसको खरिद मूल्यमा २०% मा नबढाइ विक्रि मूल्य निर्धारण गरिनेछ । तर, यसरी विक्रि मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail Price, MRP) भन्दा बढी हुनु हुँदैन ।" भनी व्यवस्था भएको हुँदा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रबाट स्वास्थ्य मन्त्रालयको निर्देशिका जारी भए पश्चात् सोही बमोजिम आफ्नो निर्देशिकामा संशोधन गर्नुपर्नेमा सो नगरेको देखिएकोले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको निर्देशिका स्वास्थ्य मन्त्रालयको निर्देशिका बाझिएको हुँदा तालुक निकायको निर्देशिका बमोजिम नियम संशोधन गरी लागु गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा निर्देशन दिन उपयुक्त देखिन आयो ।

२. विरामीहरुको स्वास्थ्यमा गम्भिर असर पर्न सक्ने औषधीजन्य उपकरणहरुको गुणस्तर तथा मूल्यको अनुगमन तथा नियमन गर्ने संस्थागत व्यवस्था प्रभावकारी नदेखिँदा सप्लायर्स तथा फार्मेसीहरुले आपसी मिलोमतो (Collusion) मा मनोमानी तरीकाले कम गुणस्तरीय उपकरणहरुलाई वढी मूल्य राखी सप्लाई गर्न सक्ने, जसबाट विरामीहरुले यस्ता कम गुणस्तरीय उपकरणहरुलाई बढी मूल्य तिरेर किन्नुपर्ने वाध्यता रहने हुँदा विद्यमान संस्थागत व्यवस्थामा आवश्यक सुधार गरी प्रभावकारी तुल्याउन नेपाल सरकारलाई सुझाव दिन उपयुक्त हुने देखिन आयो ।

३. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रबाट खरिद भएका Amlodipine, Atorvastain, Rosuvastain र Sitagliptin नामक औषधीहरु ०.०१ रुपैयाँमा खरिद गरी MRP मा ५% मात्र कम गरी विक्रि मूल्य तोक्दा उजुरीमा उल्लेख गरिए अनुरुप Rosuvastatin 20mg नामक Lestor/Magnus ब्रान्डको औषधीमा खरिद मूल्य भन्दा ३३०० गुणा सम्म बढी विक्रि मूल्य रहेको देखिँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका, २०७२ को दफा ९ को

व्यवस्था विपरीत भएको हुँदा सो सम्बन्धमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई आफ्नो निर्देशिकामा संशोधन गरी सेवाग्राहीलाई मर्का नपर्ने गरी औषधीको मूल्य समायोजन गर्न निर्देशन दिन उपयुक्त देखिन्छ।

**(घ) राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः**

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रको अस्पताल फार्मेसीमा औषधी र भल्भहरु खरिद मूल्य भन्दा २७०० गुणा बढीसम्ममा विक्रि गरेको भन्ने उजुरी उपर छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रलाई निर्देशन दिने र सोको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।